## गढी गाउँपालिकाको पन्ध्रौं गाउँसभामा गाउँपालिका अध्यक्ष श्री आश नारायण चौधरीज्यू बाट प्रस्तुत

## आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

## मिति २०८२।०३।०९ गते सोमबार

**उपस्थित माननिय सदस्यज्यूहरु,**

नेपालको संविधान बमोजिम दोश्रो कार्यकालमा निर्वाचित चौथो आर्थिक वर्षको नीति तथा कार्यक्रम यस गरिमामय गढी गाउँपालिकाको गाउँसभामा सभाको अध्यक्षको हैसियतले पेश गर्न पाउँदा गौरवको महसुस गरेको छु । यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना दिगो तथा संस्थागत विकास गर्नको लागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सवै किसिमका गौरवपूर्ण आन्दोलनको स्मरण गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रियता एकता, स्वाधीनता, स्वाभिमान, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका विभिन्न जनआन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान विर शहिदहरु प्रति उच्च सम्मान प्रकट गर्दै हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना तीन तहको सरकार हुने व्यवस्था गरे अनुसार संविधान बमोजिम तीनै तहले राज्य शक्तिको प्रयोग गर्ने व्यवस्था रहेको छ । तसर्थ संवैधानिक तथा कानूनी व्यवस्था अनुरुप गढी गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रही आवधिक तथा वार्षिक योजना, नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दै आएको कुरा सवैलाई स्मरण गराउन चाहन्छु ।

संघीयताको वास्तविक अनुभूति जनताको निकट भई सेवा, विकास र सुशासन प्रवद्र्धन गर्नु हो । यसका लागि गढी गाउँपालिका नागरिकमैत्री सेवा प्रवाह जनताको मागमा आधारित विकास व्यवस्थापन र सामाजिक न्याय सहितको समृद्धि हासिल गर्न दृढ प्रतिबद्ध रहेको छ । स्थानीय तहको दोश्रो कार्यकालको चौथो वर्षको नीति तथा कार्यक्रम मार्फत समृद्ध गढी गाउँपालिकाको सपना साकार पार्न हाम्रो गाउँपालिको न्युन श्रोतले भ्याए सम्मका कुनै कसर बाँकी नराख्ने संकल्प पेश गर्न चाहन्छु ।

आज हामी आम गढीवासीले हामीलाई आफ्नो अमूल्य मत दिइ निर्वाचित गराइ गढी गाउँपालिकाको समग्र विकासको लागि जिम्मेवारी सुम्पेको पहिलो वर्ष व्यतित गरी तेस्रो वर्षमा प्रवेश गरेका छौं । यस क्रममा हामीले गाउँपालिकाको सम्पूर्ण स्रोत साधनलाई पालिकाको

चौतर्फी विकासको लागि परिचालित गरेको हामीलाई आभाष भएको छ । आम गढीबासीको चाहनालाई पूरा गर्नका लागि हामीले सक्दो प्रयास गरेका छौं । यस अवधिमा हामी सामु विभिन्न चुनौतिहरु देखा परे । विश्व आर्थिक मन्दीले नेपाललाई पारेको प्रभाव र राजश्व संकलनमा आएको गिरावटका कारण संघिय र प्रदेश सरकारबाट प्राप्त हुने रावश्व बाँडफाडँ र समानिकरण अनुदानमा भएको कटौतीले गर्दा आ.व.को अन्तमा आएर जनचाहनाका कतिपय कामहरु सम्पन्न गर्न नसकिएको प्रति हामी क्षमा चाहन्छौं ।

नेपाल सरकारको १६ औं आवधिक योजनाले लिएका लक्ष्य र उद्देश्यहरु दिगो विकासका लक्ष्यहरु, कोशी प्रदेश सरकारको आवधिक योजना र गढी गाउँपालिकाको दोश्रो पञ्चवर्षीय आवधिक योजना, आ.व. ०८२/०८३ को संघ तथा प्रदेशको नीति तथा कार्यक्रम र बजेटले मार्गनिर्देश गरेका लक्ष्यहरु विभिन्न समयमा विषयगत समितिले दिएका सुझावहरु कार्यान्वयन गर्ने प्रतिबद्धता सभा समक्ष पेश गर्दछु।

आ.व. ०७८/०७९ देखि नै संघीय समानीकरण अनुदान तथा राजश्व बाँडफाँड बाट प्राप्त हुने आय र पालिकाको आफ्नै आन्तरिक श्रोतबाट प्राप्त राजश्व कमजोर हुँदा आयोजना तथा कार्यक्रमहरु सोही वर्ष कार्यान्वयन हुन नसकी दायित्व सर्दै गई पछिल्लो आर्थिक वर्षका बजेटहरु प्रभावित हुँदै गएको कुरा सभालाई जानकारी गराउन चाहन्छु । संघीय राजश्व बाँडफाँड तथा संघीय समानीकरण अनुदान र आन्तिरिक आय प्रक्षेपण अनुसार उपलब्ध नहुँदा न्युन बेतनामा काम गर्ने पालिका श्रोतका शिक्षक तथा कर्मचारी वार्षिक कार्यक्रम र बजेट सिलिङ्ग अनुरुपका विभिन्न आयोजना तथा कार्यक्रमहरु समयमै भुक्तानी दिन नसकिएको यथार्थ सभा समक्ष राख्न चाहन्छु । पालिकाको कमजोर आर्थिक, भूकम्पले गढीबासीमा ल्याएको आर्थिक, सामाजिक तथा मानोवैज्ञानिक बेचैनमा पनि गाउँपालिकाले शिक्षा, स्वास्थ्य, कृषि र पशु, सडक, खानेपानी तथा सरसफाई, सिँचाई, सामाजिक सुरक्षा तथा संरक्षण, विपद् व्यवस्थापन, काम रोजगारी, सार्वजनिक सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण तथा पारदर्शिता, सुशासन र विधिको शासन, विकास व्यवस्थापन, बेरुजु न्युनीकरण लगायतको क्षेत्रमा उल्लेख्य उपलब्धी हासिल गरेको व्यहोरा सूचित गर्दछु ।

**उपस्थित माननीय सदस्यज्यूहरु,**

अब म यस गाउँपालिकाले चालू आ.व. २०८१/०८२ मा हाल सम्म सम्पन्न गरेका तथा हासिल गरेका मुख्य मुख्य कार्यहरुको बारेमा यस सम्मानीत सभामा जानकारी गराउने अनुमति चाहन्छु ।

**कृषि विकास सम्बन्धमाः**

गढी गाउँपालिकाको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत वडा नं. १ मा दलहन बाली पकेट क्षेत्र रु. १२००००० बाह्र लाख बराबरको रकम सञ्चालनमा भएको र आगामी आ.व.मा समेत सोही कार्यक्रमलाई निरन्तरता दिइनेछ । गढी गा.पा. वडा नं. ५ मा प्रदेश सरकार बाट प्राप्त बजेट रकम रु. ७०००००। सात लाख ७५% अनुदानमा स्यालो ट्युववेल तथा मोटर जडान कार्यक्रम सञ्चालनको अवस्थामा रहेको छ । किसान सूचिकरण कार्यक्रममा विनियोजित रकम रु. १०००००। एक लाख यस आ.व.मा २२२ घरधुरी सूचिकृत भएको र बाँकी सूचिकृत हुने क्रममा रहेका छ । यस गाउँपालिकाको निःशर्त तर्फ गढी वडा नं. १ मा मकै पकेट क्षेत्र विस्तार कार्यक्रम सञ्चालनमा रहेको छ र आगामी आ.व.मा समेत निरन्तरता दिइने नीति लिएको छ । त्यस्तै रु. १००००००। दश लाख रकम बराबरको धानको उन्नत बिउ २५५५ के.जी. गहुँको उन्नत बिउ ८८८० के.जी. र मकैको उन्नत बिउ ११०८ के.जी. सम्पूर्ण वडाका किसानहरुलाई वितरण गरेको । कृषि ज्ञानकेन्द्र इनरुवाको आयोजना र गढी गाउँपालिका कृषि विकास शाखाको सहकार्यमा गढी वडा नं. १ मा माटो परीक्षण कार्य सम्पन्न गरियो । बाली संरक्षण प्रयोगशाला, झुम्काको आयोजना र गढी गाउँपालिकाको सहकार्यमा बाली शिवीर सञ्चालन गरियो ।

**पशु पंक्षी विकास सम्बन्धमाः**

गढी गाउँपालिकाको चालू आ.व.मा सशर्त तर्फ कृत्रिम गर्भाधान मिसन कार्यक्रम अन्तरगतको कार्यक्रममा ७५० पशुमा कृत्रिम गर्भाधान भएको छ । प्रदेश सरकार अन्तरगत खोप कार्यक्रममा खोरेत, पि.पि.आर. र लम्पी स्किन रोग विरुद्धको खोप कार्यक्रम सम्पन्न भएको छ । दैनिक पशु उपचारका कार्यहरु हाल सम्म ९४४९ वटा पशुहरुको उपचार र निःशूल्क पशु औषधी वितरण गरिएको छ ।

**उद्यम विकास सम्बन्धमाः**

उद्यमी निर्माण सिपविकास तालिमहरु (सिलाईकटाई, लेडिज चप्पल, बाँसको हस्तकला, इम्बोडरी, बाख्रा, बंगुर तथा दुग्ध जन्य पशुपालन, मौसमी तथा बेमौसमी तरकारी खेती, डेरी प्रोडक्ट, बेकरी, मकैको बाई प्रोडक्ट तथा दालमोठ भुजिया, आदि ।) तालिमहरु प्रदान गरिएको छ । चालू आ.व.मा २५० जनालाई मिस्त्रीलाई प्लम्बर, हाउस वाइरिङ्ग, सिकर्मी डकर्मी तथा CSEB इन्टरलकिङ्ग इटा उत्पादन तालिम प्रदान गरिएको छ । जसले गर्दा भूकम्प पछिको पुर्ननिर्माण कार्यमा ठूलो टेवा पुग्ने र दक्ष जनशक्ति उत्पादन गरी रोजगारीको अवसर सिर्जना गर्ने

र आगामी दिनमा निर्माणका हुने भौतिक संरचनाहरुमा प्रयोग गर्न सकिने भनि यस गढी गाउँकार्यपालिकाको कार्यालयको कार्यपालिकाको बैठक २०८२।०३।०१ मार्फत सर्वसम्मत निर्णय गरिएको छ । चालू आ.व. सम्म ३६५ वटा व्यवसायहरु दर्ता भई संचालनमा आएका छन् जसमध्ये १० जना इम्बोडरी उद्यमीहरुलाई घरेलु तथा साना उद्योग कार्यालय सुनसरी बाट प्राविधिक सहयोग सहित १/१ थान इम्बोडरी मेशिन सेटको सम्झौता सम्पन्न भईसकेकको छ । गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत वडा नं. २ औरावनीमा ऋक्भ्द इन्टरलकिङ्ग इटा उत्पादन र लेडिज चप्पल उत्पादन व्यवसाय संचालन रहेको छ ।

**श्रम तथा रोजगार सम्बन्धमाः**

आ.व. २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि कूल रु. ७७४९०००। विनियोजित रकम मध्ये नेपाल सरकारको श्रोत रु. २६०००००। र आई.डि.ए.बाट ५१४९०००। रहेको, आ.व. २०८१/०८२ मा ६९ जना व्यक्तिलाई १०० दिनको रोजगारी उपलब्ध गराउने लक्ष्य राखेकोमा निवेदनको आहवानबाट ६५४ बाट प्राथमिकता एवं सूचिकृत रहेकोमा विनियोजित बजेटको तुलनामा २६.२६% न्युन निकाशा भएको कारणले लक्ष्य प्राप्ती र उद्देश्य अनुरुपका क्रियाकलाप संचालनमा समेत चुनौती उत्पन्न भएको, आ.व. २०८१÷०८२ मा ४० जना प्राथमिकीकरण सूचीमा परेका सूचिकृत व्यक्तिहरुलाई कार्यस्थलमा आधारित शिप, क्षमता तालिम र जीवनोपयोगी सिप तालिम ५० दिने सिप संचालन गरिएको, आ.व. २०८१/०८२ मा यस गढी गाउँपालिका गाउँकार्यपालिकामा ५ वटा वडाहरुमा कार्यक्रम संचालन भएका थिए । जस मध्ये वडा नं. १ मधेलीमा साझेदारी अन्तरगत टेङ्गर टोली बाध निर्माण र सरसफाईका आयोजना संचालन भएकोमा वडा नं. २ मा बाटो मर्मत, माटो भर्ने कार्य तथा सरसफाईका कार्यहरु गरिएको थियो । वडा नं. ३ मा सरसफाइको योजनाहरु संचालन गरियो । वडा नं. ४ मा साझेदारी अन्तरगत विभिन्न बाटो मर्मत गरियो र वडा नं. ५ साझेदारी अन्तरगत बाटो निर्माण र सरसफाईका आयोजना संचालन गरियो ।

**शिक्षा विकास सम्बन्धमाः**

शिक्षा क्षेत्रमा आधारभूत (कक्षा ६ देखि ८) र माध्यमिक विद्यालयमा शिक्षकको निरन्तर पेशागत सहयोग, शिक्षकको पोशागत, विकासका कार्यक्रम, केहि विद्यालयहरुमा भौतिक संरचना निर्माण प्रारम्भिक बाल विकास देखि कक्षा ३ सम्मका विद्यार्थीमा भएको अपाङ्गताको प्रारम्भिक पहिचान, कक्षा ८ को परीक्षा गाउँपालिका स्तरमा सञ्चालन तथा विद्यालयका सम्पूर्ण कक्षाको नतिजा IEMIS मार्फत प्रकाशन, विद्यार्थीमा भएको सिकाइ क्षतिको प्राविधिक सहयोग प्रदान, निःशूल्क रुपमा छात्राहरुलाई स्यानीटरी प्याड वितरण, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको

प्रयोगको थालनी, ८ जना विद्यार्थीहरुलाई रु. २०००००। दुई लाख रकम बराबरको विभिन्न किसिमका विपन्न लक्षित छात्रवृत्ति र दलित छात्रवृत्ति वितरण, चिकित्सा शिक्षा अध्ययन छात्रवृत्ति प्रदान र गाउँपालिकाको शैक्षिक वस्तुस्थिती निर्माण गरिएको छ । साथै गाउँ शिक्षा योजना र स्थानीय पाठ्यक्रम निर्माणको क्रममा रहेको छ ।

**खानेपानी तथा सरसफाई सम्बन्धमाः**

खानेपानी, सरसफाई तथा स्वच्छता योजना (सन् २०२२ देखि २०३०) गढी गाउँपालिका तथा Plan Nepal र CSDC को साझेदारीमा WASH SDG परियोजनाको सहकार्यमा आयोजना निर्माण भएको, सो आयोजनालाई संचालनमा ल्याउनको लागि विभिन्न कार्यक्रम, ७ वटा ऐन, कार्यविधि र नियमावलीका निर्माण गरियो । साथै पानी परीक्षण प्रयोगशाला मिनि ल्याबको स्थापना भएको छ । शौचालय परिचय पत्र सरसफाई कार्ड वितरण तथा सञ्चालन नियमित रुपमा आएको छ । गढी गाउँपालिकामा हाल सम्म ७५% भन्दा बढी शौचालय मर्मत तथा नयाँ शौचालय निर्माण कार्य भएको छ। स्वच्छ तथा सफा टोल घोषणा कार्यक्रम गढी गाउँपालिका वडा नं. १, २, ३, र ४ मा घोषणा भएको छ । खानेपानी तथा सरसफाई तथा स्वच्छतामा जनचेतना अभियान निरन्तर रुपमा चलिरहेको छ ।

**न्यायिक निरुपण सम्बन्धमाः**

गढी गाउँपालिकाको न्यायीक समितिमा चालू आ.व.मा २९ वटा उजुरी निवेदन दर्ता भएका छन भने १६ वटा फछ्यौंट भएका छन् । न्याय निरुपण तथा विपद समाधान गर्नका लागि वडास्तरीय मेलमिलाप केन्द्र समेत गठन गरिएको छ । मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गर्नका लागि तालिम कार्यक्रम समेत सञ्चालन हुँदै आएको छ ।

**स्वास्थ्य सेवा सम्बन्धमाः**

गर्भबती तथा सुत्केरी आमाहरुलाई निशुल्क एम्बुलेन्स सेवा ३९ जना, जेष्ठ नागरिकहरु ८ जना तथा अन्य २ जना गरी कूल ४९ जनालाई निःशूल्क एमबुलेन्स सेवा उपलब्ध भएको । आधारभुत स्वास्थ्य सेवा केन्द्र होलैया गढी—५ को भवन निर्माण कार्य रु १५ लाखमा निर्माण कार्य शुरु भएको, निशुल्क एम्बुलेन्स सेवा, मृगौला प्रत्यारोपन गरेका, डायलाइसिस गरिरहेका ,क्यान्सर रोगी र मेरुदण्ड पक्षघात ४४ जना बिरामीहरु लाई मासिक ५००० का दरले उपचार सहायता रकम प्रदान गरिएको, ५२३ जना लाई बि.सि.जी. र ५८५ जनालाई दादुरा रुबेला खोप प्रदान, १६९५६ जना बिरामीको उपचार जेष्ठ मसान्त सम्ममा गरिएको, १२५ जना शंकास्पद बिरामीको खकार संकलन गरी क्षयरोगको स्क्रिनिङ्ग गरिएको, ६५० जना गर्भबतीहरु लाई

निशुल्क भिडियो एक्सरे सेवा प्रदान गरेको, ३५५ जना महिलाहरुको पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ गरिएको, खोज र खोप अभियान कार्यक्रम अन्तर्गत ५ बर्षमुनिका सम्पुर्ण बालबालिकाहरुलाई खोजी गरी खोप छुट भएका ७८ जना बालबालिकाहरुलाई नियमित खोपमा जोडिएको छ, कुपोषण भएका बालबालिकाहरुलाई RUTF बितरण २१ जना लाई  गरिएको, पुर्ण खोप भएको पालिका सुनिशचित गरिएको छ ।

**ऐन कानून निर्माण सम्बन्धमाः**

गढी गाउँपालिकामा हाल सम्म निर्माण भएका ऐन ६ वटा, कार्यविधि ३३ वटा, नियमावली ८ वटा, निर्देशिका ३ वटा, मापदण्ड ५ वटा छन् भने आगामी आ.व.मा प्रशासनिक कार्यलाई अझ सहज तथा प्रभावकारी बनाउन समय सापेक्ष आवश्यक कानून निर्माण गरिनेछ ।

**भौतिक पूर्वाधार विकास सम्बन्धमाः**

गढी गाउँपालिका २ औरावनीमा ३ तल्ले प्रशासकीय भवनको निर्माण अन्तिम चरणमा रहेको, गढी गाउँपालिका २ भमरीको गढी वनमा चिल्ड्रेन पार्क र सामूदायिक भवन निर्माणधिन रहेको, गढी गाउँपालिका २ औरावनीमा प्रशासकीय भवनको प्राङ्गणमा ल्याण्डस्केपीङ्ग को कार्य (मेन गेट, क्यानटीन, सटर, पार्कीङ्ग) को ठेक्का प्रक्रिया मार्फत कार्य सुरु भएको, गढी गाउँपालिका ५, सत्तेरझोरामा ओमशान्ती भवन निर्माण कार्य सञ्चालनमा रहेको, सङ्कल्प नेपाल र गढी गा.पा.को सहकार्यमा विपन्न परिवारको लागि सुरक्षित आवास (बस्ती) निर्माण कार्यको ४५ वटा घर निर्माण सम्पन्न भएको, आ.व. ०८२/०८३ को लागि २१ वटा घर निर्माण गर्ने सम्झौता भई कार्य प्रारम्भ भएको, फरवार्ड माइक्रो फाइनान्स तथा चुजी फाउण्डेशन सँगको सहकार्यमा ४० वटा घर निर्माणको क्रममा रहेका र  १०० वटा घर निर्माणको लागि थप पहल भईरहेको, गढी गा.पा.२ मा कृषि टहरा कार्य अन्तिम अवस्थामा रहेको, गढी गा.पा. वडा नं. ३ र ४ मा ५.२३ कि.मि. कालोपत्रे सडक निर्माण कार्य सम्पन्न भएको, गढी गा.पा. वडा नं. २ को काली मन्दिर हुँदै वडा नं. ६ जोड्ने बाटो ७ कि.मि. कालोपत्रे निर्माण सम्पन्न भएको, गढी गा.पा. वडा नं. ५ र ६ मा २.३ कि.मि. बाटो कालोपत्रे निर्माण सम्पन्न, गढी गा.पा. वडा नं. १ र २ मा २.३७ कि.मि. सडक कालोपत्रे निर्माण सम्पन्न, गढी गा.पा. वडा नं. २ मा झोलुङ्गे पुल निर्माण भएको, प्रदेश पूर्वाधार विकास कार्यालयबाट छिटाहा, बर्जुको सिमादेखि इटहरीको सिमा सम्म १० कि.मि. बाटो यसै आर्थिक वर्षमा सम्पन्नको क्रममा रहेको, यस क्षेत्रका प्रतिनिधीसभा सदस्यको पहलमा संघीय सरकारबाट वडा नं. १ मा करिब २ कि.मि. र वडा नं. ६ मा ८०० मि. कालोपत्रे निर्माण कार्य सम्पन्न भई पूर्वाधार विकासको क्षेत्रमा यस पालिकाले आफ्नो सिमित श्रोत र साधनको उच्चतम सदुपयोग गरेको अवस्था रहेको जानकारी गराउन चाहन्छु ।

**आदरणीय सभा सदस्यज्यूहरु,**

आम गढीवासीहरुको विकास र समृद्धी प्रतिको चाहनालाइ यस नीति तथा कार्यक्रममा प्रतिबिम्बित गर्न हामीले समय सापेक्ष आवश्यक ऐन, नियम, कानून कार्यविधि तथा निर्देशिकाहरु बनाउदै तिनको क्रमशः कार्यान्वयन गर्दै लैजाने,नीती तथा कार्यक्रमलाइ आर्थिक वर्षको बजेटसंग संयोजन हुने गरी तयार गर्ने र यसलाइ गाउँपालिकाबासीहरुको समग्र विकासको खाकाको रुपमा परिणत गर्ने उद्देश्यका साथ आ.व.२०८२।८३ को नीति,कार्यक्रम तथा बजेट गाउँ कार्यपालिकाको निर्णय बमोजिम स्थानीय तहको एघारौं गाउँसभामा यहाँहरु समक्ष पेश गर्न पाउँदा आफुलाई खुशी र गौरवान्वित ठानेको छु ।

**आदरणीय सदस्यज्यूहरु,**

गढी गाउँपालिकाको चालु वर्षको नीति, कार्यक्रम तथा बजेट निर्माणका क्रममा प्रमुख रुपमा लिईएको निम्न आधारहरु प्रस्तुत गर्न अनुमति चाहन्छुः

चालु वर्षको नीति, कार्यक्रम तथा बजेट निर्माणको क्रममा नेपालको संविधानमा व्यवस्था भएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु तथा संविधानका अनुसूची ८ र ९ मा रहेका स्थानीय तहका एकल अधिकार र साझा अधिकारका सूचीहरुमा भएका व्यवस्था,पन्ध्रौं योजना, दिगो विकासका लक्ष्यहरु,स्थानीय सरकार सञ्चालन ऐन २०७४, अर्थ मन्त्रालयवाट प्राप्त मार्गदर्शन, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेश सरकारको तर्पmवाट समयसमयमा जारी भएका मार्गदर्शन तथा परिपत्रहरु, स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन २०७५, प्राकृतिक श्रोत तथा वित्त आयोग र विभिन्न विषयगत समितिवाट प्राप्त सुझावहरु, राजश्व परामर्श समितिवाट प्राप्त सुझावहरु तथा स्थानीय बुद्धिजीवी एवं बौद्दिक व्यक्तित्वहरुको आमभेलाबाट प्राप्त भएका सुुझावहरुको आधारमा संम्भव भएसम्म जन चाहनालाई समेट्ने अभिप्राय लिइ प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तयार गरिएको छ ।

सम्मानित यस सभामा म आ.व.२०८२।०८३ को यस यस गाउँपालिकाको समग्र नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक विकास नीतिः**

**१. कृषि विकासः**

१.१ हालको निर्वाहमूखि कृषि प्रणालीलाई व्यवसायिकरण गर्न प्रमुख उत्पादन सामग्रीहरू (अर्गानिक मल, रासायनिक मल एवं बीउ बिजन,कृषि औजार आदि) को लागत साझेदारीको आधारमा अनुदानको व्यवस्था गर्न वजेट व्यवस्था गरिनेछ ।

१.२ प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्नका लागि यस आर्थिक वर्षमा सो कार्यक्रमलाई पाइलट प्रोजेक्टको रुपमा सञ्चालन गरिनेछ ।

१.३यसै आर्थिक वर्षमा तरकारी उत्पादन प्रवद्र्धन कार्यक्रम च्याउ उत्पादन प्रवद्र्धन कार्यक्रम लगायतका कार्यक्रमहरु संचलन गरी कृषकहरुको आर्थिक उपार्जन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

१.४ मकै पकेट क्षेत्र कार्यक्रमलाइ निरन्तरता दिइनेछ । यस आ.व.मा नयाँ वडामा सो कार्यक्रम सञ्चालनको लागि बजेटमा व्यवस्था गरिनेछ ।

१.५ माटोको उर्वरा शक्ति कम भइ रहेको अवस्थालाई मध्यनजर गरी पालिकाका सबै वडाहरुलाई समेट्ने गरी पाइलट प्रोजेक्टको रुपमा माटो परिक्षण कार्यक्रमलाई निरन्तरता दिने नीति लिइएको छ ।

१.६ ५०% अनुदानमा कृषकहरुलाई धान, गँहु, मकैका उन्नत जातका बिउ उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

१.७ गढी गाउँपालिकाको किसानहरुलाई सिँचाईका लागि ७०% अनुदानमा बोरिङ्ग वितरणका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

**२. पशु पंक्षी विकासः**

२.१ एक वडा एक पशु प्राविधिकको क्रमशः सवै वडाहरुमा व्यवस्था गर्दै, पशु स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी रुपमा सम्पूर्ण वडामा विस्तार गर्दै लगिनेछ ।

२.२ युवालक्षित कार्यक्रम अन्तर्गत गाई, भैसी, बाख्रा, बंगुर, कुखुरा तथा माछापालन व्यवसायलाई प्रोत्साहन गरी मासु तथा दुग्ध पदार्थमा आत्मनिर्भर वनाउन अनुदानको व्यवस्था गरिनेछ ।

२.३ परम्परागत पशुपालन व्यवसायलाई सुधार गर्न पशु नस्ल सुधारमा जोड दिदै उन्नत नस्लको विकासवाट कृषकमा आयआर्जन गरी आम्दानी बढाउन नस्ल सुधारका कार्यक्रम सञ्चालन गरिनेछ ।

गढी गाउँपालिका, सुनसरी

२.४ यस गढी गाउँपालिकामा स्थापना भएका  तथा दर्ता रहेका दुग्ध संकलन तथा चिस्यान केन्द्रहरुलाई प्रोत्साहन गर्न अनुदान प्रदान गरी कृषकहरुलाई यस तर्फ आकर्षित गर्ने नीति लिइनेछ ।

२.५ व्यवसायिक पशुपालन व्यवसायमा जोड दिदैं कृषकहरुलाइ त्यस तर्फ प्रोत्साहन गरिने नीति लिइनेछ । यसका लागि पशुपालक किसानहरुका लागि चापकटर वितरण, बंगुर पालन प्रवद्र्धन कार्यक्रम, वाख्रापालनका लागि नश्ल सुधारका लागि उन्नत बोका वितरण जस्ता कार्यक्रमहरुलाई यस आ.व.मा सञ्चालन गरिनेछ ।

२.६ पशु उपचारलाई प्रभावकारी बनाउन पर्याप्त मात्रामा औषधीको व्यवस्था गर्दै लगिनेछ र परम्परागत पशुपालनलाई व्यवसायिकीकरण गरी उत्पादनमा वृद्धि गर्दै लगिनेछ । पशुपंछीको महामारी बाट हुने क्षति न्युनीकरण गर्न पशु स्वास्थ्य शिविर, घरदैलो बन्ध्याकरण शिविर, बाझोपन सम्बन्धी शिविर, गाउँघरमा पशु स्वास्थ्य क्लिनिक सञ्चालन गर्दै लगिनेछ ।

२.७ स्थानीय बजार व्यवस्थापन र मासु पसलका लागि बधशाला निर्माण गर्न आवश्यक कार्यक्रम ल्याइनेछ ।

२.८ पशु आहारा विकासका लागि हिउँदे, वर्षे, बहुवर्षे घाँसका विउ तथा विरुवा वितरण गरिदै लगिनेछ।

२.९  पशु शाखाको समन्वयमा पशुपन्छीमा लाग्ने विभिन्न रोग विरुद्द खोप सेवा संचालन गरिनेछ । यसका लागि पशु औषधी खरिद गर्नका लागि बजेटमा व्यवस्था गरिनेछ ।

२.१० पशु पंक्षी विकास शाखामा वेसिक ल्याव स्थापनाको कार्यलाई अगाडि वढाइनेछ । पशु शाखालाइ सेवाग्राहीमैत्री  बनाउन बजेटमा विशेष व्यवस्था गरिनेछ ।

**३. पर्यटन विकासः**

३.१ गाउँपालिका भित्र रहेका गढदेव बुद्ध पर्यटकिय धार्मिक बन,कालि मन्दिर,फौदारथान मन्दिर, डिगियाथान लगायत अन्य पर्यटकीय क्षेत्रहरुको विकासका लागि आवश्यक पहल गरिनेछ । ती क्षेत्रको निर्माण गरिएका विस्तृत अध्ययन प्रतिवेदनको आधारमा धार्मिक तथा पर्यटकिय महत्वका यस्ता क्षेत्रहरुलाइ संघ तथा प्रदेशको सहकार्यमा आकर्षक गन्तव्यको रुपमा विकास गरिनेछ ।

३.२ पर्यटन क्षेत्रको विकास र प्रवर्धनलाई उच्च प्राथमिकतामा राखी प्राकृतिक, साँस्कृतिक, जैविक तथा कृषि परम्परागत शैली, मनोरन्जन, हावापानी अनुकुलन आदी उद्देश्यले प्रेरित गर्न पर्यटन

पूर्वाधार सडक, होमस्टे, भोजन तथा जलपान गृह लगायत पर्यटनजन्य व्यवसायलाई पे्ररित गर्ने नीति अवलम्बन गरिने छ ।

३.३ यस गाउँपालिका भित्र विस्तार गर्न सकिने पर्यटकीय क्षेत्रहरुको पहिचान, विकास र प्रवद्र्धन गर्दै पर्यटन पूर्वाधार विकासका लागि जलाधार, सिमसार, पानीका मुहान संरक्षण गर्ने कार्यक्रममा जोड दिइनेछ ।

**४. उद्योग विकासः**

४.१ यस पालिका भित्र दर्ता नभई संचालनमा रहेका उद्योग भए दर्ताको दायरामा ल्याइनेछ ।

४.२ स्थानीय सीप, श्रोत र साधनको प्रयोग हुने घरेलु तथा साना उद्योगहरुको संचालन र विस्तारमा आवश्यक सहयोग र प्रोत्साहन गर्ने नीति अबलन्बन गरिनेछ ।

४.३ संघीय सरकारले अघि सारेको निजी क्षेत्रसंगको सहभागितामा उद्योगग्राम स्थापनाका लागि सहजिकरण गरिनेछ ।

४.४ यस गाउँपालिका क्षेत्रमा संचालित घरेलु उद्योगहरुलाई आवश्यक सिप, क्षमता अभिवृद्धिका लागि प्रोत्साहित गरिने साथै सीप र प्रविधिमा अनुदानको व्यवस्था गरिनेछ ।

४.५ गाउँपालिका भित्र स्थापना हुने, स्थानीय कच्चा पदार्थको प्रयोग हुने र स्थानीय २५ जना भन्दा बढि व्यक्तिहरुलाई रोजगारी दिने उद्योगलाई निश्चित मापदण्डका आधारमा राजश्व छुट गरि प्रोत्साहन गर्ने नीति लिइनेछ ।

४.६ गाउँपालिका भित्र कलकारखाना, उद्योग व्यवसाय संचालन गर्नु अघि पूर्व प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव परीक्षण अनिवार्य रुपमा गरे पश्चात मात्र सञ्चालन अनुमति दिने नीति अवलम्बन गरिनेछ ।

४.७ वायु प्रदुषण, ध्वनी प्रदुषण, जल प्रदुषण, भूमी प्रदुषण, औद्योगिक प्रदुषण जस्ता प्रदुषणजन्य प्रकृतीका उद्योगहरुको संचालन गर्न निरुत्साहित गरिनेछ ।

**५. सहकारी विकासः**

५.१ सहकारी संस्थाहरु ऋनिवार्य रुपमा सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणालीमा आवद्ध हुनपर्ने व्यवस्था गरिनेछ । कृषि समूह र सहकारीको समन्वयमा एकीकृत उत्पादन र बजारीकरण कार्यक्रम कार्यान्वयन गरिने छ ।

५.२सहकारीलाई आवश्यक सिप क्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था गरिनेछ ।

५.३बचत तथा ऋण कारोवार नगर्ने कृषि सहकारी स्थापना गर्न प्रोत्साहनको लागि राजश्व निशुल्क गर्ने नीति लिइनेछ।

५.४ पालिका भरी रहेका सहकारीहरुको कडाईका साथ अनुगमन तथा नियमन गरिनेछ । गाउँपालिकाबाट स्वीकृत भएका मलखाद वितरणमा संलग्न सहकारीहरुको नियमित अनुगमन गरिनेछ ।

**सामाजिक विकास नीतिः**

**१. शिक्षाः**

१.१ सबै विद्यालयलाई दिवा खाँजामा जङ्क फुड पूर्ण रुपमा बन्देज लगाइनेछ । विद्यालयमा करेसाबारी निर्माणलाई अभियानको रुपमा लगिनेछ । सम्पूर्ण माध्यमिक विद्यालयमा अभिभावक, विद्यार्थी र शिक्षकको सुमधुर सम्बन्ध बनाई गुणस्तर कायम गर्न शिक्षक अभिभावक, विद्यार्थी म्युजिकल पिटी र उत्प्रेरक शिविर सञ्चालन गरिनेछ । शिक्षकहरुलाई कार्यसम्पादन आधारित दण्ड र पुरस्कारको नीति अवलम्वन गरिनेछ । अतिथि शिक्षक शिक्षण गर्नका लागि विज्ञ समूह र व्यक्तिलाई आमन्त्रण गरिनेछ ।

१.२ शिक्षामा गुणस्तर अभिवृिद्धि गर्नका लागि पालिकाभित्र कार्य क्षेत्र बनाएर काम गरिरहेका गैह्र सरकारी संस्थाहरु सँग साझेदारी गर्ने नीति ल्याइनेछ । प्रत्येक शुक्रबारको दिनलाई विद्याथीलाई बुक फ्री डे अर्थात् अतिरिक्त क्रियाकलाप र सिर्जनात्मक क्रियाकलाप गर्न प्रेरित गरिनेछ ।

१.३ आधारभूत शिक्षाको हक सुनिश्चित गर्नका लागि सबै बालबालिकाहरूलाई शिक्षाको पहुँचमा सहजता ल्याइनेछ । कक्षा १ मा भर्ना भएका सबै विद्यार्थीहरु १० वर्ष मा कक्षा १० मा पुग्ने सुनिश्चितता कायम गर्न कक्षा दोहोर्याउने दर घटाउने कार्यक्रमहरुमा प्राथमिक दिइने छ । विद्ययालय भर्ना कार्यक्रमलाइ थप प्रभावकारी बनाइ विद्यार्थी भर्नादरलाई बढाउने कार्यलाइ उच्च प्राथमिकतामा राखिनेछ ।

१.४ समस्यामा परेका वालवालिका, अभिभावक विहिन वालवालिका, दलित र अल्पसंख्यक समुदायका बालबालिका, अपांगता भएका बालबालिका र आर्थिक रुपले विपन्न बालबालिकाहरूलाई आधारभूत तह देखि माध्यमिक तह सम्मको शिक्षा निशुल्क उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

१.५. बहुभाषिक शिक्षण पद्दती अवलम्वन गरी प्रत्येक बालबालिकाको मातृभाषाको संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ।

१.६. वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारीमूलक एवं जनमुखी शिक्षा मार्फत सृजनशिल, प्रतिस्पर्धी र राष्ट्रहितमा समर्पित जनशक्ति तयार गर्ने नीति अवलम्बन गरिने छ । प्राविधिक धारको विद्यालय सञ्चालनलाइ प्रोत्साहन गरिनेछ ।

१.७. निजी क्षेत्रको लगानीमा खुलेका विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति लिइने छ । सबै संस्थागत विद्यालयहरुमा कम्तीमा १० प्रतिशत सिट गरीब,दलित,अल्पसंख्यक समुदायहरुका जेहनदार विद्यार्थीहरुका लागि छात्रवृत्री अनिवार्य रुपमा छुट्याउनु पर्ने व्यवस्था लाइ कडाइका साथ लागु गरिनेछ ।

१.८ सवै सामुदायिक विद्यालयहरुमा अपांगता तथा बालमैत्रीे भौतिक पूर्वाधार निर्माण र शैक्षिक गुणस्तर अभिवृद्धिका साथै अंगे्रजी माध्यमबाट गुणस्तरीय पठनपाठन गराउने सामुदायिक विद्यालयहरुलाई प्रोत्साहनको व्यवस्था गर्ने नीति लिईनेछ

१.९बालमैत्री स्थानीय शासनलाई प्रर्वद्धन गर्न बाल समूहहरुको गठन तथा परिचालनमा जोड दिनेइछ ।

१.१० विद्यालयमा बाल क्लब, आमा समूहमार्पmत विद्यार्थीहरुलाई खेलकुद र अतिरिक्त क्रियाकलापमा सहभागी गराउन विशेष महत्व दिइनेछ ।

१.११ विद्यालयमा पठनपाठन, अतिरिक्त क्रियाकलाप, व्यवस्थापन र अनुशासनलाइ समेत आधार बनाइ पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

१.१२ विद्यालयमा दिगो खानेपानी सरसफाई तथा स्वच्छता प्रवद्र्धन गरी शैक्षिक उपलव्धि बढाउन अनूकुल वातावरण बनाउने प्रयास गरिनेछ ।

१.१३ गाउँपालिका÷वडामा शिक्षा क्षेत्रको पूर्वाधार निर्माण र सेवा प्रवाहको विभिन्न तहमा शिक्षामा कार्ययोजना तथा शैक्षिक क्यालेण्डर बनाई कार्यान्वयन गरिनेछ । प्रचलित शिक्षा ऐन तथा नियमावली उल्लंघन गर्ने विद्यालय तथा शिक्षकहरुलाई कारवाहीको दायरामा ल्याउने नीति लिइनेछ ।

१.१४ विद्यार्थीहरु माझ शारीरिक र मानसिक विकासका साथै खेलाडी उत्पादनको उद्देश्यले विगत आ.व. देखि संचालनमा रहेको राष्ट्रपति रनिङ्ग सिल्डलाई निरन्तरता दिइनेछ ।

१.१५ सामुदायिक विद्यालयमा स्वास्थ्य र सरसफाई कार्यक्रमलाई अभियानको रुपमा संचालन गर्ने नीति लिइनेछ ।

१.१६ विद्यार्थी संख्याको आधारमा विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान गर्ने नीति अवलम्बन गरिनेछ । यस पालिकाबाट विद्यालय सुधारका लागि नमूना विद्यालयहरुले के

कस्ता गतिविधीहरु संचालन गर्न आवश्यके छ, भन्ने विषयवस्तुहरुको जानकारीका लागि नमूना विद्यालय अवलोकन भ्रमण कार्यक्रमलाई संचालन गरिनेछ ।

१.१७ पालिका भित्रका विद्यालयहरु मध्येबाट कुनै एक विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।

२ स्वास्थ्यः

२.१ लामो समय सम्म स्वास्थ्यक्षेत्रमा महिला स्वास्थ्य स्वयंसेविका भई अनिवार्य अवकाश भएका स्वयंसेविकालाई सम्मान सहित नगद रकम उपलब्ध गराइनेछ । महिला स्वास्थ्य स्वयंसेविका र आमा समूह मार्फत गाउँ टोलसम्म स्वास्थ्य सेवा र परामर्श सम्बन्धी कार्यक्रमलाई विस्तार गरी अभिलेखीकरण र प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२.२ समुदाय स्तरमा नसर्ने रोग सम्बन्धी स्क्रीनिङ्ग फागुन महिना भित्रै सम्पन्न गरिनेछ । खोप कार्यमा संलग्न स्वास्थ्यकर्मीलाई प्रोत्साहनको व्यवस्था गरिनेछ । स्वास्थ्य संस्थाहरुलाई न्यूनतम् सेवाको मापदण्डको प्रगतिको आधारमा मूल्याङ्कन गरी सुदृढीकरण गरिनेछ । स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुने सबै सुत्केरी महिलाहरुलाई रकम उपलब्ध गराइनेछ । घरमा सुत्केरी हुने÷गराउने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ ।

२.३ आधारभूत स्वास्थ्य सेवामा सवै नागरिकको सहज पहुँच सुनश्चितताको लागि गुणस्तरीय स्वास्थ्य सम्बन्धी उपचारात्मक, निरोधात्मक र प्रवद्र्धनात्मक कार्यक्रमलाई कार्यान्वयन गर्न संघ, प्रदेश र अन्य सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरुसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ ।

२.३ गर्भवती र सुत्केरी आमाको मृत्युदरलाई शुन्यमा झार्न विगतमा अपनाइएका नीति तथा कार्यक्रमलाई निरन्तरता दिँदै प्रसुती चेकजाँच र रेफरका लागि निःशूल्क एम्बुलेन्स सेवा र पोषण तथा सरसफाई कार्यक्रम सञ्चालन गरिनेछ ।

२.२ सरुवा रोगको संक्रमण न्यून गर्न सरकारी तथा नीजि अस्पताल, स्वास्थ्य संस्थासँग समन्वय गरी स्वास्थ्य शिविरहरु संचालनलाई प्राथमिकता दिई विभिन्न संस्थाहरुको सहकार्यमा स्वास्थ्य शिविर संचालन गरिने छ ।

२.३वडा नं. ५ मा रहेको आधारभूत स्वास्थ्य केन्द्रको भवन यस आ.व.मा निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ ।

२.४स्वास्थ्य तथा सरसफाईसम्बन्धि सचेतना कार्यक्रमहरु विद्यालय तथा समुदायस्तरमा संचालन गरिनेछ।

२.५ स्वास्थ्य संस्थाहरुमा सुचिकृत अत्यावश्यक औषधिहरुको निरन्तर आपूर्ति गरिनेछ । साथै संघीय सरकारद्धारा उपलव्ध गराइने निःशुल्क औषधीहरु बाहेकका अन्य औषधीहरुको लागी गाउँपालिकाबाट थप बजेटको व्यवस्था गरि स्वास्थ्य संस्थाहरुमा आवश्यक औषधीहरुका उपलब्धतालाई सुनिश्चित गरिनेछ ।

२.६ यस गाउँपालिका क्षेत्रमा कार्यरत स्वयंसेविकाहरुलाई सेवामा प्रोत्साहन र सेवालाई प्रभावकारी बनाउन मासिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाइ गाउँपालिकाबाट प्रदान गर्दै आएको प्रोत्साहन भत्ता कार्यक्रमलाइ निरन्तरता दिइनेछ । साथै यस पालिकामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुको स्वास्थ्य विमा कार्यक्रमलाई सम्बन्धित निकायको समन्वयमा यसै आर्थिक वर्ष देखि सुरुवात गरिनेछ।

२.७ मानसिक र शारीरिक स्वास्थ्यका लागि सवै वडा र पालिकामा योग शिविर सञ्चालन गरिनेछ । खानपान व्यायाम र आरामको बारेमा जनचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ । नागरिक आरोग्य केन्द्र संचालन गरिनेछ ।

२.८ पूर्ण खोपको सुनिश्चितता तथा दिगोपनालाई निरन्तरता दिइनेछ ।

२.९ विद्यालयहरुमा किशोरीमैत्री विद्यालय कार्यक्रम संचालन एवं विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्ने नीतिलाइ निरन्तरता दिइनेछ ।

२.१० प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा निजी स्वास्थ्य क्लिनीकहरुमा संक्रामक रोगको पहिचान र आपतकालीन स्वास्थ्य सेवाको लागि आवश्यक औषधि उपचारको व्यवस्था मिलाइनेछ । यसका लागि स्वस्थ्यकर्मीहरु लाई आवश्यक स्वास्थ्य उपकरणका लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

२.११ आयुर्वेद केन्द्रलाई विषेश प्राथमिकताका साथ जनसेवा प्रवाह गर्ने नीति लिइनेछ । यस गाउँपालिकामा रहेको आयुर्वेद केन्द्रलाइ सेवामैत्री बनाउनको लागि बजेटमा व्यवस्था गरिनेछ ।

२.१२ सुत्केरी महिला, दलित, अपांग, पिछडावर्ग, अल्पसंख्यक, जेष्ठ नागरिक लगायतका व्यक्तिहरुलाई प्रदान गर्दै आएको निशूल्क एम्बुलेन्स सेवालाइ निरन्तरता दिइनेछ ।

२.१३ सञ्चालनमा रहेका खोपकेन्द्रहरु लाई व्यवस्थित गरी सबै वडाहरुमा खोप केन्द्रहरुको सहज सेवा पुर्याउने कार्यलाई प्राथमिकता दिइने छ ।

२.१४ गरिबीको रेखामुनी रहेका दलित,अपांग,अल्पसंख्यक लगायतका घरधुरीलाइ प्रति परिवार ६० प्रतिशत गाउँपालिकाको साझेदारीको आधारमा स्वास्थ्य विमा कार्यक्रमलाइ परिक्षणको

रुपमा सञ्चालनमा ल्याउने व्यवस्था गरिनेछ । साथै सो कार्यक्रमलाई अगामी आ.व.हरुमा समेत निरन्तरता दिने नीतिको आधार निर्माण गरिनेछ ।

**३. खानेपानी तथा सरसफाईः**

३.१पूर्ण सरसफाईमा आधारित व्यक्तिगत, घरायसी तथा संस्थागत सरसफाई तथा स्वच्छता, मर्यादित महिनावारी सरसफाई प्रवद्र्धन विद्यालयमा तीनतारा मापदण्ड सम्बन्धी क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

३.२ पूर्ण सरसफाईयुक्त गाउँपालिका निर्माणका लागि सबै वस्ती र टोलहरुमा हप्ताको एक दिन स्वंसेवी रुपमा सरसफाई अभियान सञ्चालन गर्न प्रेरित गरिनेछ ।

३.३ जीवनका लागि स्वच्छ पानी भन्ने मूल नाराका साथ खानेपानी आयोजना सञ्चालन तथा विस्तारमा आवश्यक पहल गरिनेछ । स्वच्छ खानेपानीको सहज आपूर्तिको लागि औरावनी खानेपानी आयोजनालाई सञ्चालनमा ल्याउनको लागि पहल गरिनेछ । साथै आर्थिक रुपमा कमजोर वर्गका परिवारका लागि निशूल्क टयुववेलको व्यवस्था गरिनेछ ।

३.४गाउँपालिकाका सबै गाउँवासीलाई खानेपानीको सुविधा पुर्याउन, हाल संचालनमा भएका खानेपानीका श्रोतहरुको व्यवस्थापन, वितरण पाईप लाइनको मर्मत, सुधार र थप व्यवस्थापनमा सहयोग गरिनेछ भने नयाँ खानेपानी आयोजना निर्माणका लागि संघीय सरकार र प्रदेश सरकारसँग वजेट व्यवस्थापनका लागि पहल गरिनेछ ।

३.५ यस गाउँपालिका खुल्ला दिसामुक्त घोषणा भईसकेकोले उक्त घोषणालाई दिगोपना कायम गर्न पूर्ण सरसफाई कार्ययोजना निर्माण गरि अघि बढ्ने नीति लिईनेछ ।

३.६फोहोरमैला व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धिका लागि सरसफाई अभियान संचालन गरिनेछ । साथै बजार क्षेत्रको फोहोर व्यवस्थापनका लागि गाउँपालिका, निजी क्षेत्र र स्थानीयबासीको सहकार्यमा नीति निर्माण गरी कार्यक्रम संचालन गरिनेछ ।

३.७ पूर्ण सरसफाईयुक्त वडा र गाउँपालिका घोषणा गर्ने बजेट विनियोजन सहितको नीति लिइनेछ । फोहरमैला व्यवस्थापनको लागि डस्टविन खरिद गरी वितरण गरिनेछ ।

**४. संस्कृतिः**

४.१ लोपोन्मुख भाषा, धर्म, संस्कृतिको संरक्षणमा सहयोग गरिनेछ । साथै जातीय मठ, मन्दिर, गुम्बाको प्रवद्र्धन र पूर्वाधार निर्माणमा सहयोग गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

४.२ गाउँपालिका भित्र बसोवास गर्ने विभिन्न जातजातीहरुको भाषा, कला, साहित्य, संगित र साँस्कृतिको संरक्षण र विकास गर्न भाषा, वर्ण र लिपीको अनुसन्धानात्मक कार्य सञ्चालन गरिने छ ।

४.३ जातीय, भाषिक, सांस्कृतिक, धार्मिक विविधतायुतm यस गाउँपालिका क्षेत्रमा बसोबास गर्ने सबै समुदायको क्रमिक विकास र समान सहभागिता लाई बढावा दिदै निरन्तर गरिनेछ ।

**५. महिला विकास,लैंगिक समानता र समावेशिकरणः**

५.१वाल विकासका सूचकहरु बाल बचाऊ, बाल संरक्षण, बाल विकास तथा बाल सहभागिता आदि कार्यक्रमहरुमा जोड दिई सबै वडालाई बालमैत्री वडा घोषणा गर्दै जाने गरी आवश्यक कार्यक्रम तर्जुमा गरिने छ ।

५.२ महिलाहरुको हक अधिकार र नेतृत्व विकासका लागि तालिम, सिपमुलक प्रशिक्षण, अध्ययन, अन्तरक्रिया, गोष्ठी लगायतका कार्यक्रम संचालन गरिनेछ । यस्ता कार्यक्रम गर्न महिलासंग सम्बन्धित संघ संस्थाहरुको सहकार्य र साझेदारीमा संचालन गर्न जोड दिइनेछ ।

५.३ आदिवासी, जनजाती, दलित पिछडा वर्ग तथा अल्पसंख्यक जस्ता पछाडि परेका वर्ग समुदायका हक अधिकार र त्यस्ता वर्ग र समुदायको समावेशीकरणका लागि विभिन्न कार्यक्रम संचालनमा ल्याईनेछ ।

५.४वडा सभा मार्फत आएका लक्षित समूह (महिला, वालवालिका, आदिवासी, जनजाति, जेष्ठ नागरिक, दलित) का कार्यक्रमहरु वडा स्तरीय साथै गाउँपालिकास्तरीय कार्यक्रमहरु प्राथमिकताका आधारमा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

५.५ अपाङ्गता भएका नागरिकको संरक्षण र विकासको लागि प्रदेश सरकार र करुणा फाउण्डेशन संगको साझेदारीमा सन्चालन भइरहेको अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यक्रमलाई निरन्तरता दिइने छ ।

५.६ सामाजिक सुरक्षा भत्तालाई बैंकिंग प्रणाली मार्फत थप प्रभावकारी बनाउदै लगिनेछ । असहाय, असक्त, वृद्धवृद्धा, अपांगता भएका व्यक्तिहरुको सामाजिक सुरक्षा भत्ता बैंकसंगको सहकार्यमा सरल र सहजरुपमा वितरण गर्ने व्यवस्था मिलाइनेछ । यसै आर्थिक वर्ष देखि सामाजिक सुरक्षा भत्तालाई इ.एफ.टि. मार्फत लाभग्राहीहरुको खातामा सोझै भुक्तानी गर्ने कार्यको सुरुवात गरिनेछ ।

५.७ छुवाछुत, भेदभाव, कुरीति, कुसंस्कृति, अन्धविश्वास र सामाजिक विकृतिहरु हटाउने कार्यक्रमहरु संचालन गर्दै लगिनेछ ।

५.८ सिमान्तकृत र अतिसिमान्तकृत वर्गमा पर्ने परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक परामर्श सेवा सहित विभिन्न सिपविकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५.९ विद्यालयहरुमा अध्ययनरत छात्राहरुका आन्तरिक समस्या पहिचान गरी परामर्श र समाधान गर्नका लागि आवश्यक कार्यविधि तयार गरी सञ्चालन गरिने छ ।

५.१० बालबालिका तथा किशोर किशोरीसंग उपाध्यक्ष कार्यक्रम यसै आर्थिक वर्ष देखि सञ्चालन गरिनेछ।

**६. खेलकुद तथा मनोरञ्जनः**

६.१ प्रत्येक वडाहरुमा खेलकुद मैदानको खोज गरी ति खेल मैदानहरुलाई स्तरोन्नतीको लागि पहल गरिनेछ । यसपालिकामा रहेको गढी खेल मैदानलाई गाउँपालिकास्तरीय खेल मैदान बनाउन संघिय सरकार र प्रदेश सरकारको समन्वय गरिनेछ ।

६.२फुटबल तथा क्रिकेट खेलमा प्रतिभा पहिचान तथा प्रशिक्षणको लागि प्रशिक्षकको व्यवस्था मिलाई खेलकुदको माध्यमबाट अनुशासन कायम गर्दै स्वस्थ तथा अनुशासित नागरिक उत्पादन गर्न प्रशिक्षक प्रशिक्षण कार्यक्रम संचालन तथा स्थानीय खेलकुद क्लवहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ । खेलाडीहरुको खेल प्रतिभा प्रष्फुटनको लागि खेलकुद समाग्री वितरण गर्नका लागि बजेटको व्यवस्था गरिनेछ ।

६.३युवा वर्गलाई लक्षित गरी अध्यक्ष कप फुटवल तथा उपाध्यक्ष भलिबल कप महिला भलिबल प्रतियोगिता संचालन कार्यलाइ निरन्तरता दिइनेछ ।

६.४ "राष्ट्रका लागि खेल, स्वास्थ्यका लागि खेल" भन्ने राष्ट्रिय नीतिलाई स्थापित गर्न युवा लक्षित खेलकुद कार्यक्रम संचालन गरी यस गाउँपालिकालाई राष्ट्रिय स्तरका खेलाडी उत्पादनको हवको रुपमा विकास गर्दै लैजाने नीति अबलम्बन गरीनेछ ।

**पूर्वाधार विकास नीतिः**

**सडक, पूल, भवन तथा ग्रामिण विकास**

१. नक्सा पास प्रक्रिया थप व्यवस्थित र सहज बनाउन अनलाइन प्रणलीको विकास गरिनेछ । निर्माणधिन घरहरुको नियमित अनुगमन गरी मापदण्ड विपरित निर्माण गर्ने कार्य रोकी नक्सापास र अभिलेखिकरण प्रक्रियालाई व्यवस्थित बनाइनेछ ।

२. गाउँपालिकाको दोश्रो आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्न अन्तरसरकारी तहमा पहल गरी साझेदारी विकास मार्फत भौतिक पूर्वाधारहरु निर्माण गरिनेछ ।

३. गाउँपालिकाको आर्थिक विकासमा योगदान पुर्याउने, पालिकावासीहरुको जीवनस्तर उकास्ने र दीर्घकालिन रुपमा आय वृद्धि गर्ने खालका आयोजनाहरु श्रोत साधन र क्षमताको आधारमा क्रमशः कार्यान्वयनमा प्राथमिकता दिइनेछ ।

४. तहगत समन्वय, सहकार्य र साझेदारी मार्फत सूचना तथा सञ्चारको सहज पहुँच स्थापना गरिनेछ । भरपर्दो सञ्चार सुविधा सुनिश्चितताका लागि आवश्यक पहल गरिनेछ ।

५. पूर्वाधार निर्माण गर्दा वातावरणीय रुपमा कम असर पुर्याउने र दिगो एवं टिकाउयोग्य पूर्वाधारहरु निर्माणमा विशेष ध्यान दिइनेछ ।

६. दोश्रो आवधिक पञ्चवर्षिय योजनाको आयोजना बैंक रहेको पूर्वाधार योजनाहरु कार्यान्वयनमा पहिलो प्राथमिकतामा राखिनेछ ।

७. विगत देखिका भौतिक पूर्वाधारका निर्माणधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ ।

८. विगतमा वनेका ग्राभेल सडकको प्राथमिकताका आधारमा क्रमशः स्तरउन्नति गरी कालोपत्रे सडकको रुपमा विकास गरिने छ ।

९. उपभोक्ता समितिबाट निर्माण हुने पूर्वाधार निर्माणमा लाभग्राहीहरुको लागत वा श्रम पूर्ण कडाईका साथ लागु गरिनेछ ।

१०. निर्माणाधिन ठुला पुल, कल्भर्ट निर्माणका लागि संघ र प्रदेश सरकारलाई सहयोगको लागि अनुरोध गरिनेछ ।

११. साना तीना कल्भर्ट निर्माणको लागि गाउँपालिका बाट बजेटको व्यवस्था गरि प्राथमिकताका आधारमा क्रमशः निर्माण गरिने छ ।

१२. गाउँपालिका क्षेत्रमा नयाँ घरहरु निर्माण गर्दा बस्ती विकास तथा शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ बमोजिम नक्सा पास स्वीकृत गरेर मात्र निर्माण गर्ने नीति लिईनेछ । पालिकाले घर नक्सा पास प्रकृयालाई व्यवस्थित गर्नका लागि आवश्यक कानूनको निर्माण प्रकृयालाई अघि बढाइनेछ ।

१३.यस गाउँपालिका क्षेत्र भित्र निर्माण भईसकेका घरहरुको घरनक्सा पास अन्तगत अभिलेखिकरण कार्यलाई निश्चित समयसीमा तोकी विशेष छुट सहितको व्यवस्था गरी अभिलेखिकरण गर्ने कार्य अघि बढाइनेछ ।

१४. सरकारी, ऐलानी, पर्ती, खोला खोल्सीले ओगटेको जमिन संरक्षण गर्ने साथै जमिन अतिक्रमण रोक्ने र वृक्षारोपण गर्न आवश्यक नीतिगत व्यवस्था गरिने छ ।

**उर्जा तथा विद्युतः**

१. विगतमा विस्तार भएका विद्युतको क्षमता बृद्धि तथा मर्मतका लागि सम्बन्धित कार्यालयमा पहल गरिने छ ।

२. विद्युत आपूर्ति पुग्न नसकेको क्षेत्रहरुमा नवीकरणीय ऊर्जा प्रवद्र्धन केन्द्रको सहयोगमा सौर्य उर्जा वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३ विद्युत विस्तार हुन बाँकी ठाउँमा विधुतीकरणका लागि विद्युत प्राधिकरणसंग पहल गरिने छ । उक्त ठाउँहरुमा विधुत कार्यालय संग समेत साझेदारी कार्यक्रम संचालन गरिने छ ।

४ मूख्य सडकहरुमा सडक बत्ति जडानका लागि वैकल्पिक उर्जा प्रवर्धन केन्द्रसंगको सहकार्यमा संचालन गरिने छ ।

५ सडक निर्माण तथा विस्तार कार्य गर्ने क्रममा सडक हाताभित्र परेका विद्युत पोलहरु व्यवस्थापन गर्न सम्बन्धित संस्थासंग समन्वय गरिनेछ ।

**सञ्चारः**

१. स्थानीय पत्रपत्रिका तथा संचार माध्यमलाई विज्ञापन तथा सूचनाहरु प्राथमिकताक्रम अनुसार उपलव्ध गराइनेछ ।

२. गाउँपालिकाका हरेक क्रियाकलापहरु कार्यालयको वेवसाइट तथा मोवाइल एपका माध्यमबाट सर्वसाधारणलाई सूचना प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

३. "जनतासँग जनप्रतिनिधि" कार्यक्रमलाई प्रभावकारी बनाउन सूचना र सञ्चार माध्यमको अधिकतम प्रयोग गरिने छ।

४.सूचना प्रविधिमैत्री गाउँपालिका निर्माण गर्न इन्टरनेटको सुविधा नपुगेका क्षेत्रमा सूचना प्रदायक संस्थाहरुसँगको साझेदारीमा इन्टरनेट सुविधा विस्तार योजना सञ्चालन गरिने छ ।

**वन वातावरण तथा विपद व्यवस्थापनः**

१. विपद् बाट हुने धनजनको क्षति कम गर्न र विपद्लाई न्यूनीकरण गर्न रेडक्रस सोसाइटी, सुरक्षा निकाय लगायत अन्य सरोकारवाला निकायहरुको सहकार्यमा विपद् जोखिम न्यूनिकरण कार्यक्रम संचालन गरिनेछ ।

२. बनजंगलमा क्षती पुर्याउने खालका गतिविधीहरु जस्तैः आगलागी, जथाभावी रुख फडानी र काष्ठपैदावारहरुको चोरी निकासी गर्नेलाई कानून बमोजिम क्षतिपूरण गराउने व्यवस्था कडाइका साथ लागु गरिनेछ ।

३. विकास आयोजनाहरु सडक, भवन, खानेपानी, सिँचाई, पुलपुलेसा निर्माण गर्दा मासिन गएका रुखहरुको स्थानमा बोटविरुवा वृक्षरोपण गरी हरितमैत्री वातावरण कायम गर्न जोड दिइनेछ।

४. वन जंगल, वन्यजन्तु, ढुंगा, बालुवा, नदी, खोला, खानी, जडिबुटी आदी प्राकृतिक श्रोतहरुको पहिचान गरी सोको उचित ब्यवस्थापन गर्दै प्रकृतिजन्य सम्पदाहरुलाई दीगो विकासको सिद्धान्त अनुकुल बनाईने नीति अवलम्बन गरिनेछ ।

५. विपद् उद्धार र तत्काल सहायताका लागि गाउँपालिका तथा वडा स्तरमा सर्वदलीय प्रतिनिधित्व सहितको विपद व्यवस्थापन तथा उद्धार समिति र स्थानीय स्तरमा स्वयम्सेवी समूह तयार गरी परिचालन गरिनेछ ।

६. प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा निजी स्वास्थ्य क्लिनीकहरुमा संक्रामक रोगको पहिचान र आपतकालीन स्वास्थ्य सेवाको लागि आवश्यक औषधी उपचारको व्यवस्था मिलाइनेछ । यसका लागि स्वस्थ्यकर्मीहरुलाई आवश्यक तालिम र स्वास्थ्य उपकरणका लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

७ विपद्बाट हुनसक्ने क्षति न्यूनीकरण गर्न तत्काल उद्धार, राहत र पूर्नस्थापनाका लागि आवश्यक जनशक्ति सामाग्री र श्रोतको पहिचान र परिचालन गर्न ठोष कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ ।

८. विपद्हरुको रोकथाम तथा न्यूनीकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्ने कार्यलाइ प्राथमिकता राखिनेछ । साथै यस पालिकामा रहेको विपद व्यवस्थापन केन्द्रलाई थप सुदृढीकरण गर्नका लागि बजेट व्यवस्थापन गरिनेछ ।

९. विकासका हेरक कार्यलाई विपद् जोखिम आँकलन गरेर प्रकोप न्युनीकरणका माध्यमबाट कार्यान्वयन गर्नुपर्ने नीति कार्यान्वयनमा ल्याइनेछ । एक वडा एक उद्धार स्वंसेवक टोली गठन तथा परिचालन गरिनेछ ।

१०. स्थानीय प्रकोप व्यवस्थापन कोषलाई बलियो बनाउन व्यक्ति, समूह, फर्म, सरकार तथा विभिन्न सरकारी तथा गैह्रसरकारी संघ संस्थालाई आह्वान गरिनेछ । विपद् व्यवस्थापनको क्षेत्रमा विभिन्न संघ संस्थाको सहयोगलाई परिचालन गरिनेछ ।

११. जलउत्पन्न प्रकोप नियन्त्रण तथा तटबन्धन कार्यक्रमलाई संघ तथा प्रदेश सरकारको सहयोगमा निरन्तरता दिइनेछ । ताल तलैया संरक्षण तथा रिचार्ज पोखरी संरक्षणलाई विशेष जोड दिइनेछ ।

१२. नेपाल सरकार, प्रदेश सरकार र सम्बन्धित निकाय सँगको समन्वय र सहकार्यमा निजी वन व्यवस्थापन, राष्ट्रिय वन संरक्षण, सामुदायिक वन संरक्षण, वनजंगल संरक्षण र बाझो जग्गा तथा नदी उकासको जमिनमा वृक्षारोपण कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ । सिसिजन्य फोहोरलाई जथाभावी फाल्ने र डम्पिङ्ग गर्ने प्रवित्तिलाई निरुत्साहित गरिनेछ । आफ्नो फोहोर आफै व्यवस्थापन नगर्नेलाई दण्ड जरिवानाको नीति अवलम्वन गरिनेछ ।

**सूशासन तथा संस्थागत विकासः**

१. कार्यपालिका अन्तरगतका समितिहरुलाई आवश्यकता र औचित्यताका आधारमा पुनर्गठन गरी वार्षिक रुपमा गर्ने काम संस्थागत गरिनेछ । कार्यपालिकाका समिति र सभाका विचको समन्वयात्मक भूमिका स्पष्ट पारिनेछ ।

२. आगामी आ.व. देखि सभाका समितिहरु पुनर्गठन गरी क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ । विधायकी अभ्यास र सभाका समितिहरुको काम कर्तव्यहरु व्यवस्थित गरिनेछ । मिनि सभाका रुपमा समितिहरुलाई कानून निमार्णमा प्रशस्त अभ्यास गर्नका लागि आवश्यक श्रोत साधनहरु व्यवस्था गरिनेछ । सभाका समितिहरुलाई गाउँ सभा नचलेको समयमा समेत काम गर्ने अवसर प्रदान गरिनेछ।

३. सूचनाको हकलाई प्रवद्र्धन गर्न सूचना अधिकारीको क्षमता विकास वडा तह सम्म गुनासो सुनुवाई संयन्त्र नियमित र स्वतः प्रकाशन जस्ता कार्यक्रमहरुलाई प्रभावकारी बनाइनेछ ।

४. कर्मचारीहरुमा उत्प्रेरणा र क्षमता विकासको लागि तालिम तथा प्रशिक्षण कदर पत्र सहित सम्मान, प्रोत्साहन र पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ । प्रशासनिक नीतिः कर्मचारीहरुलाई काममा प्रोत्साहन गर्नका लागि उचित व्यवस्था गरिनेछ ।

५. सामाजकि सुरक्षा तथा व्यक्तिगत घटना दर्तालाई प्रभावकारी बनाउन आ.व.०८२/०८३ देखि वायोमेट्रीक प्रणालीमा जोड दिइनेछ । स्थानीय तहका पञ्जीकाधीकारी तथा वडास्तरका

जनप्रतिनीधीहरुलाई घटना दर्ता सक्रियता अभिवृद्धि गर्न प्रशिक्षित गरिनेछ । सवै सामाजिक सुरक्षाका वैंक चेक उपलब्ध गराउन वैंक सँग समन्वय गरिनेछ ।

६. सामाजिक सुरक्षा भत्तालाई "सहि व्यक्तिलाई सहि समयमा सहि रकम प्रदान, सामाजिक सुरक्षा हाम्रो अभियान", राष्ट्रिय अभियानलाई प्रभावकारी रुपमा प्राथमिकता दिइनेछ ।

७. सामाजिक सुरक्षा भत्ता प्रणालीलाई राष्ट्रिय परिचयपत्र सँग आवद्ध गरी मित्तव्ययिता, पारदर्शिता, जनमैत्री, सेवामुखी बनाइनेछ । सामाजिक सुरक्ष भत्ता प्रणालीलाई सवैको सरल, सहज र पहुँचयोग्य बनाइनेछ जसकालागि अपाङ्ग, असक्तहरुलाई घरदैलोमा भत्ता पुर्याउने कार्यलाई अझ प्रभावकारी रुपमा निरन्तरता दिइनेछ । सामाजिक सुरक्षा प्रणालीलाई आधुनिक प्रविधिमैत्री बनाउन आवश्यक श्रोतको सुनिश्चितता गरिनेछ ।

८. गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा एकाइको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना प्रविधिमैत्री वनाई जनतालाई सेवा प्रवाह गर्दा जनप्रतिनिधि तथा कर्मचारी सवैले मुस्कान सहितको सेवा प्रवाह गर्नु पर्ने नीतिलाई अनिवार्य गरिनेछ ।

९. अनुभवी, क्षमतावान र स्वयं उत्प्रेरित कर्मचारीहरु गाउँपालिकाका सम्पति हुन । तसर्थ प्रशासनिक संयन्त्रलाई आधुनिक प्रविधियुक्त वनाइदै समयानुकुल तालिम र प्रशिक्षणमा जोड दिइनेछ । साथै अनुशासित भई काम गर्ने कर्मचारीलाई प्रोत्साहन गर्ने तथा अनुशासनहीन काम र गल्ति गर्ने कर्मचारीलाई सचेत गराउदै निरुत्साहित र दण्डित गरिने नीति अवलम्बन गरिनेछ ।

१०. गाउँपालिकामा अवस्थित सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालय परिषरको वातावरण सुधारका लागि कार्यालय परिषरलाई स्वच्छ,सफा बनाउँदै वातावरण संरक्षण र प्रवर्द्धन समेत हुने गरी वातावरणमैत्री कार्यालयको रुपमा विकास गर्ने तर्फ प्रयास गर्दै लगिनेछ ।

११.गाउँपालिकावाट सम्पादित आर्थिक, प्रशासनिक र योजनागत विकास निर्माण र लक्षित कार्यक्रमहरुलाई पारदर्शी, जिम्मेवार र उत्तरदायी वनाइनेछ ।

१२. विकेन्द्रीकरण र स्वायत्तताको मर्म र सिद्दान्त अनुरुप स्थानीयवासीले सम्भव भएसम्म सेवा सुविधा घरदैलो र टोल टोलमा प्राप्त गर्न सक्ने व्यवस्थाका लागि वडास्तरवाट सम्पादन हुने कार्यलाई सफ्टवेयरको माध्यमबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ । प्रत्येक महिनाको आय व्ययको मास्केबारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटी तथा बेवसाइटमा प्रकासन गर्ने नीति लिइनेछ ।

१३.आ.व. २०८०।८१ मा प्रत्येक चौमासिक अवधिमा यस गाउँपालिका र वडा कार्यालयहरुमा भएका गतिविधि एवं कार्यक्रमहरुको सार्वजनिक सुनुवाईको व्यवस्था गरी त्यसबाट प्राप्त पृष्ठपोषणलाई गाउँपालिकाका काम कारबाहीहरुलाई अझ पारदर्शी एवं सेवाग्राहीमैत्री बनाउदै लगिनेछ ।

१४. प्रत्येक नीति,कार्यक्रम,योजना कार्यान्वयन गर्दा गाउँ कार्यपालिकामा प्रशस्त छलफल गरी निर्णय पारदर्शी एवं मितव्ययी ढंगले सञ्चालन गर्दै लगिने नीति लिइनेछ ।

१५. प्रत्येक चौमासिकमा जनप्रतिनिधि र कर्मचारी विचमा आपसी अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

१६. आर्थिक अनुशासन कायम गर्ने सन्दर्भमा बाँकी बक्यौता,पेश्की,बेरुजुको लगत आवधिक गरी कडाइका साथ असुल उपर एवं फर्छ्यौट गर्ने कार्यलाइ निरन्तरता दिइनेछ । साथै प्रशासनिक खर्चमा मितव्ययिता अपनाईनेछ ।

१७.प्रभावकारी वित्तिय व्यवस्थापनका लागि शुत्रमा आधारित लेखाप्रणाली निरन्तर व्यवस्थित गरिनेछ । यसै आ.व.देखि राजश्व संकलनको लागि सूत्र प्रणालीमा रहेको राजश्व मोड्युलको प्रयोग गरिनेछ ।

१८. यस गाउँपालिकाको कार्यालय, वडा कार्यालयहरु, सामुदायिक विद्यालयहरु, स्वास्थ्य संस्थाहरु तथा मातहतका कार्यालयहरुमा विद्युतीय हाजिरीलाई प्रभावकारी वनाउने नीति लिईनेछ ।

१९. सबै भन्दा बढि कर संकलन गर्ने र तोकिएको समय सिमा भित्र आयोजना तथा कार्यक्रम सम्झौता र सम्पन्न गर्ने साथै सार्वजनिक सुनुवाई गर्ने वडालाई आगामी आर्थिक वर्षको बजेटमा थप रु ५ लाख बजेट सिलिंग दिने नीति लिइने छ ।

२०. गाउँपालिका तथा वडा कार्यालयबाट जनतालाई उपलब्ध गराइने सेवा सुविधा र शर्तहरुको विस्तृत विवरण समावेश भएको बडापत्र व्यवस्थित गरी सूचनाको हक सुनिश्चित गर्दै सेवा प्रबाहलाई सेवाग्राही मैत्री बनाउने नीति अवलम्बन गरिनेछ । साथै सेवाग्राहीहरुको सूचना प्रवाहको लागि टोल फ्रि नम्बर तथा हेल्प डेक्सको स्थापना गरिनेछ ।

२१. गाउँपालिकामा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन, प्रगति समिक्षा, समन्वय बैठक, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परिक्षण, आदि मार्फत सुशासनमा जोड दिइनेछ ।

२२. न्यायिक समितिबाट भएका निर्णय र कार्यसम्पादनका अभिलेखहरुलाई व्यवस्थित बनाउन बिद्युतिय प्रणालीमा अभिलेखिकरण गर्ने व्यवस्था मिलाईने छ ।

२३. वडा स्तरमा रहेका मेलमिलाप समितिहरुको सकृयता र क्षमता विकासका लागि आवश्यक बजेट ब्यवस्था गरिने छ ।

**राजस्व नीतिः**

१. आजको कर भोलीको भर भन्ने विषयलाई आत्मसात गर्दै वार्षिक रुपमा संकलन हुन सक्ने राजश्व अनुमान अनुसार कर कर परिचालन गर्न करका दर घटाउने र दायरा बढाउँदै लगिनेछ । राजश्व तिर्ने प्रणालीलाई सरल र पारदर्शी बनाइनेछ ।

२. गाउँपालिका भित्रका सवै व्यवसायहरुलाई करको दायरामा ल्याइनेछ । समयमै कर तिर्ने करदाताहरुलाई निश्चित प्रतिशत कर छुट दिने नीति लागू गरिनेछ ।

३. कर छलि गर्ने र व्यवसाय दर्ता नगरी संचालन गर्ने परिपाटी अन्त गरिनेछ । करका दर, कर तिर्ने समय, जरिवाना र छुट सम्बन्धमा ६ वटै वडामा अभिमुखिकरण कार्य गरिनेछ ।

४. ढुंगा, गिटी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन समयमै सम्पन्न गरी दहत्तर बहत्तरमा हुने राजश्व चुहावट नियन्त्रण गरिनेछ ।

५. करदाताहरुको अभिलेख व्यवस्थापन गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ ।

६. कानून बमोजिम बाहेक कर, राजश्व संकलन गरिने छैन ।

**रोजगार सेवा केन्द्र नीति तथा कार्यक्रमहरुः**

यस आ.व. ०८२/०८३ मा प्रधानमन्त्री रोजगार कार्यक्रमको नाम परिवर्तन भएर राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम हुन गएको छ । जस अनुरुप रोजगार आयोजना सन्चालनका लागि ज्याला रकम सत प्रतिशत स्थानीय तहबाट साझेदारी गरिनेछ ।

१. रोजगार सेवाकेन्द्र द्वार समुदायस्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमूखिकरण तथा सूचना प्रवाह कार्यक्रम गरिनेछ ।

२. सूचिकृत बेरोजगार व्यक्तिहरुलाई उद्यमशिलता, सिप, क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

३. वैदेशिक रोजगार वोर्ड सँग सम्बन्धित छात्रवृत्ति, क्षतिपूर्ति, औषधीउपचार जस्ता कल्याणकारी सम्बन्धी कार्यहरुमा सहजीकरण गरिनेछ ।

- रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापन थप प्रभावकारी बनाइनेछ ।
- गाउँपालिका स्तरिय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई संचालित आयोजनामा परिचालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गरिनेछ ।

- कामका लागि पारिश्रमिकमा आधारित सामूदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ अन्तर्गत सामुदायिक आयोजना संचालन गरि समुदायको विकाससंगै सामाजिक संरक्षणको प्रत्याभूति गराईने छ ।
- युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ थप सशक्त रुपमा कार्यान्वयनमा ल्याइनेछ ।
- सो कार्यविधिहरु अनुसार संचालित योजनाहरुमा लक्षित सुचिकृत बेरोजगारहरुलाई यस आ।व। भित्र १०० दिनको रोजगारी प्रदान गरिनेछ ।
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्धन गर्न आवश्यक सिपमुलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिई स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ ।
- आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजि क्षेत्रसंग सहकारी र समन्वयमा जोड दिइनेछ ।
- सुचिकृत बेरोजगार व्यक्तिहरुको विवरण, आयोजनाहरुको विवरण प्रतिवेदन साथै कार्यक्रमको वित्तीय विवरण रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा अभिलेख राखिनेछ ।
- रोजगारमुलक आयोजनाहरुमा यस गाउँपालिका भित्र रहेका १८-५९ उमेरका विपन्न समुह लगायत सबै समुहका व्यक्तिहरु पहिचान र प्राथमिकिकरण गरी रोजगार प्रदान गरिनेछ ।
- कोभिड-१९को महामारीले रोजगारी गुमाएका व्यक्तिहरुलाई लक्षित गरी रोजगारमुलक आयोजनाहरुमा रोजगारी तथा जिवनोपयोगी तथा सिप विकास तालिम संचालन गरिनेछ ।

**माननीय सभासदस्यज्यूहरु,**

विभिन्न चुनौतीहरुको बिचमा पनि आम गढीवासीहरुको विकासप्रतिको असीमित चाहनालाई सीमित स्रोत साधनको विवेकपूर्ण र न्यायोचित वितरणको माध्यमवाट परिपूर्ति गर्ने आत्मविश्वासका साथ आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको लागि सहयोग गर्नुहुने गाउँवासीहरु, गाउँसभा सदस्य,गाउँ पालिकामा कार्यरत कर्मचारी लगायत सम्वद्ध सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । हामीलाई सार्वभौम नागरिकहरुको प्रतिनिधिको रुपमा प्राप्त राज्यशक्तिको प्रयोग गर्ने र नागरिकको नजिकको सरकार आभास गराउने अभ्यासको अवसर प्रदान गर्नुहुने आम गढी बासीहरुलाइ हार्दिक धन्यवाद दिन चाहन्छु । हरेक चुनौतीहरुको विचमा पनि अवसर रहेको हुन्छ भन्ने कुरालाइ आत्मसात गर्दै सबैको साथ र सहयोगले गढी गाउँपालिकाको समग्र विकासमा यो आर्थिक वर्ष महत्वपूर्ण हुने कुरामा विश्वस्त हुदै सबैलाइ समृद्ध गढी निर्माण कार्यमा हातेमालो गर्नका लागि अपिल समेत गर्न चाहन्छु ।

गढी गाउँपालिका, सुनसरी

अन्त्यमा,

आर्थिक वर्ष ०८२/०८३ को यस नीति तथा कार्यक्रमले गढी गाउँपालिकालाई समुन्नत नमूना गाउँपालिका निर्माण गर्ने आकांक्षालाई आत्मसात गरेको छ । यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट स्थानीय उत्पादकत्व वृद्धि, जीवनयापनमा सहजता, मानव विकासमा सुधार वातावरण संरक्षणमा योगदान, पुननिर्माण र पुनःस्थापना, समता सहितको समानतामार्फत सामाजिक न्याय र गुणस्तरीय सेवा सहजरुपमा प्राप्त गर्न सहयोग गर्नेछ । नेपालको संविधान, नेपाल सरकार, प्रदेश सरकार तथा गढी गाउँपालिकाको दोश्रो आवधिक पञ्चवर्षिय योजना आ.व. २०८२/०८३ सँग कोशी प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट आवधिको सोच, लक्ष्य, उद्देश्य हासिल गर्न यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा सवै तहका सरकारहरु विकास साझेदार संघ संस्थाहरु तथा आम गाउँपालिका वासीहरुको सदैव सहयोग र साथ प्राप्त हुनेमा विश्वास गर्दछु । हाम्रो सामु विद्यमान रहेको असंख्य चुनौतीका चाङ्गहरुलाई वैज्ञानिक, जनमुखी र उत्तरदायीपूर्ण योजना तथा कार्यक्रमहरुमार्फत अवसरमा रुपान्तरण गर्ने अहम जिम्मेवारी बोध निर्वाचित जनप्रतिनिधीहरुलाई आइलागेको छ । व्यवस्थापकीय, कार्यपालिका र न्यायिक अधिकारको पूर्ण प्रयोग गर्दै समृद्ध गढी सुखि गढीवासी बनाउन सदैव लागिपरीरहने प्रतिवद्धता यस सम्मानित गाउँसभामा राख्न चाहन्छु । नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नु हुने, उपाध्यक्षज्यु, पूमुख प्रशासकीय अधिकृतज्यु, र कर्मचारीहरु, कार्यपालिका सदस्यज्युहरु, विषयगत शाखाका कर्मचारीहरु, समितिका पदाधिकारीज्यूहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, समाजसेवी लगायत सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन व्यक्त गर्दछु ।

धन्यवाद ! नमस्कार !

अध्यक्ष

श्री आश नारायण चौधरी

गढी गाउँपालिका, सुनसरी

गढी गाउँपालिका, सुनसरी